राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया, देउखुरी, दाङ

लुम्बिनी प्रदेश नेपाल

प. सं.२०८१/८२ चलानी नं. २३०६

मिति: २०८२/०१/०३

श्री वडा कार्यालय (सबै)
राप्ती गाउँपालिका, दाङ।

**विषय: कार्यपालिका निर्णय पठाईएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस गाउँकार्यपालिकाको मिति २०८१/१२/२९ गते बसेको बैठकको निर्णय तहाँको जानकारीका साथै आवश्यक कार्यार्थ यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

(देविराम पाठक)
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

## आ.व २०८१/८२ को बीसौ कार्यपालिका बैठक

आज मिति २०८१/१२/२९ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षतामा तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यस प्रकार छन ।

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री प्रकाश विष्ट , राप्ती गाउँकार्यपालिका । | अध्यक्ष | |
| श्री कमलापति चौधरी , राप्ती गाउँकार्यपालिका । | उपाध्यक्ष | |
| श्री गेमे खड्का, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री चन्द्र बहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री रिम बहादुर सुनारी मगर,राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री रण बहादुर पुजाली सार्की , राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री गिता चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री संजिव परियार, राप्ती गाउँकार्यपालिका । | सदस्य | |
| श्री देविराम पाठक, राप्ती गाउँपालिका | सदस्य सचिव | |
| | आमन्त्रित | |
| श्री विश्वास वि. क. राप्ती गाउँपालिका | शाखा अधिकृत | |
| | | |
| | | |
| | | |
| | | |

राप्ती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मुसरिया देउखुरी,दाङ

<u>**बीसौ कार्यपालिका बैठकका प्रस्तावहरु**</u>

१. विद्यालय अनुमति सम्बन्धमा ।

२. छात्रवृत्ति सम्बन्धमा ।

३. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

४. सरकारी जग्गा सम्बन्धमा ।

५. वडा नं. ३ को दामोदर बाटो स्तरोन्नती सम्बन्धमा ।

६. गाउँपालिकाको हल प्रयोग सम्बन्धमा ।

७. कानूनको अध्ययन, विश्लेषण, संशोधन सम्बन्धमा ।

८. गाउँपालिका गेट अगाडी प्रतिक्षालय निर्माण सम्बन्धमा ।

९. वडा नं. ६ मा प्राङ्गारिक मल वितरण सम्बन्धमा ।

१०. कृषि विउ उत्पादन सम्बन्धमा ।

११. वडा नं. ७ प्रतिक्षालय निर्माण सम्बन्धमा ।

राप्ती गाउँपालिकाको २० औं गाउँ कार्यपालिकाको मिति २०८१।१२।२९ बसेको बैठकका निर्णय

**निर्णय नं १:** आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन सम्बन्धी कार्यविधि २०७९ को नियम १३ बमोजिम गाउँ शिक्षा समितिको मिति २०८१।१२।२९ बैठकको सिफारिस भई प्राप्त भएका तपसिल बमोजिमका विद्यालयहरुलाई अनुमति प्रदान गर्ने।

तपसिल

| क्र.स. | विद्यालयको नाम ठेगाना | हाल सञ्चालन वा अनुमति प्राप्त कक्षा | अनुमति प्रदान गर्ने कक्षा | विद्यालय को प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | चैतन्य पाठशाला प्रा.लि. राप्ती गाउँपालिका वडा नं ३ मौरीघाट | कक्षा ११ | कक्षा १२ | संस्थागत | कक्षा थप गर्ने |
| २ | इन्द्रेणी इंगलिस स्कूल राप्ती गाउँपालिका वडा नं. ६ पत्थरगढवा | कक्षा ७ | कक्षा ८ | संस्थागत | कक्षा थप गर्ने |
| ३ | ब्राइट फेमेली एकेडेमी राप्ती गाउँपालिका वडा नं ४ मौरीघाट | कक्षा ३ | कक्षा ४ | संस्थागत | कक्षा थप गर्ने |
| ४ | पब्लिक एजुकेशन एकेडेमी राप्ती गाउँपालिका वडा नं २ लालमटिया | कक्षा १-१० | | संस्थागत | स्वामित्व परिवर्तन गरी सहकारी विद्यालयको रुपमा सञ्चालन गर्न हाललाई अनुमति प्रदान नगर्ने। |
| ५ | मदरसा दारुल हुदा प्रा वि. राप्ती गाउँपालिका वडा नं १ भालुवाङ | नयाँ विद्यालय | कक्षा १ | धार्मिक | नयाँ विद्यालय स्थापना गर्न, अनुमति प्रदान नगर्ने। |

**निर्णय नं २:** अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ को नियम ११ बमोजिमको छात्रवृत्ति व्यवस्थापन समितिमा निम्नानुसार सदस्यहरु मनोनित गर्ने।

तपसिल

क. स्थानीय तहका वडाध्यक्ष वा सदस्यहरुमध्ये मनोनित सदस्य

१. विष्णु पोखेल- वडा सदस्य वडा नं ४

२. रञ्जना सुनाम- वडा सदस्य वडा नं १

ख. दलित वा अपाङ्गता वा माननीय सेवाको क्षेत्रमा काम गर्ने संघसस्था मध्येबाट

१. सि पि नेपालका प्रतिनीधि

**निर्णय नं ३:** स्वास्थ्य संस्थाहरुमा सहयोगी कर्मचारी व्यवस्थापन सम्बन्धी प्रस्तावमा छलफल गर्दा अर्को व्यवस्था नभएसम्म कार्य सञ्चालनमा कठिनाई उत्पन्न भएका निम्नानुसारका स्वास्थ्य संस्थाहरुमा परामर्श सेवामा सहयोगी कर्मचारीहरु व्यवस्थापन गर्ने र सेवा परामर्शबाट दैनिक ज्यालादारीमा बढिमा मासिक रु.८०००।– ज्याला दिने गरी कार्यालय सरसफाईकर्ता सम्बन्धित वडा मार्फत नियुक्ती गर्ने ।

तपसिल

१. वडा नं २ को बाउन्नेपाटा
२. वडा नं ९ को देविकोट
३. वडा नं ५ को करङ्गेकोट
४. वडा नं ३ को मसुरिया

**निर्णय नं ४:** राप्ती गाउँपालिका, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, सरकारी स्वास्थ्य संस्थाले वनक्षेत्रको जग्गामा कार्यालय भवन निर्माण गरी कार्य सञ्चालन गरिरहेको सन्दर्भमा यसरी उपयोगमा रहेको जग्गा पहिचान तथा एकिन गरी जग्गा प्राप्तिका लागि आवश्यक प्रकृया अघि बढाउने ।

**निर्णय नं ५:** राप्ती गाउँपालिका वडा नं ३ को दामोदर सडक, स्तरोन्नतीका लागि रु.१०,००००।– भित्र रही मर्मत संभार शिर्षक बाट खर्च हुने गरी कार्यान्यन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:** राप्ती गाउँपालिकाभित्रका सभाहल प्रयोग सम्बन्धी प्रस्तावमा छलफल गर्दा सरकारी निकाय र गाउँपालिकासँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरेका गै.स.स बाहेक अन्य कुनैपनि संघसंस्था, राजनीतिक दललाई हल प्रयोग गर्न अनुमति प्रदान नगर्ने । हाललाई सभाहल मर्मत सम्भारको कार्य अगाडि बढाउने ।

**निर्णय नं ७:** राप्ती गाउँपालिकाबाट हालसम्म निर्माण भएका कानूनहरुको अध्ययन तथा विश्लेषण गरी पेश गर्ने कानूनमा आवश्यक परिमार्जन तथा संशोधन गर्न आवश्यक भएमा पहिचान गरी सिफारिस गर्ने र संविधानको अनुसुची बमोजिम बनाउनु पर्ने र कार्यालयलाई आवश्यक थप अन्य कानूनहरुको समेत पहिचान गरी कार्यपालिकामा सिफारिस गर्ने गरी गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिम सदस्यहरु रहेको समिति गठन गर्ने

तपसिल

| | |
|---|---|
| १. उपाध्यक्ष श्री कमलापती चौधरी | - संयोजक |
| २. वडाध्यक्ष श्री पहलवान चौधरी | -सदस्य |
| ३. वडाध्यक्ष श्री देवप्रसाद चौधरी | -सदस्य |
| ४. वडाध्यक्ष श्री दिपक चौधरी | -सदस्य |
| ५. कार्यपालिका सदस्य श्री चम्पा भुषाल | -सदस्य |
| ६. वडा सदस्य श्री दधी बराल | -सदस्य |

७. सदस्य श्री विष्णुप्रसाद पोख्रेल - सदस्य
८. शाखा अधिकृत श्री विश्वास वि.क. -सदस्य
९. अधिकृत विकास ज्ञवाली -सदस्य सचिव

**निर्णय नं.८:** राप्ती गाउँपालिका प्रवेश गर्ने मूलद्धार नजिकै स्थानीय सामाग्रीहरुको प्रयोग गरी सेवाग्राही प्रतिक्षालय निर्माण गर्ने ।

**निर्णय नं ९:** आ.व. २०८१।८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वडा नं ६ मा रहेको प्राङ्गारिक मल उद्योगमा टहरा निर्माण कार्यक्रमका लागि विनियोजन भएको रकम रु. १०००००।– वडा नं. ६ मा रहेको श्रमिक कृषि सहकारी संस्था मार्फत योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०:** राप्ती गाउँपालिका तथा युगप्रवाह मल्टिप्रपोज कम्पनी लिमिटेड वडा नं २ सँग खाद्यान्नबाली(धान, गहुँ) को उन्नत विउँ उत्पादनका लागि यस अघि गरिएको सम्झौता बमोजिम उपलब्ध गराउनुपर्ने रकम आ.व. २०८१।८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपंक्षी साझेदारी कार्यक्रमका लागि विनियोजन भएको बजेट शीर्षकबाट २,२९००००।-रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:** वडा नं. ७ मा सम्बन्धित वडाको सिफारिस बमोजिम प्रतिक्षालय निर्माण भए वापत रु. १०,००० भुक्तानी गर्ने निर्णय गरियो ।